# गण्डकी गाउँपालिका

# लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९

गण्डकी गाउँपालिका, भुम्लिचोक, गोरखा

**गण्डकी गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

भुम्लिचोक, गोरखा

ईमेलः info@gandakimun.gov.np

वेबसाईटः https://gandakimun.gov.np/

# बिषयसूची


बिषयसूची ........ I

लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९ ........ १

१. पृष्ठभूमि ........ १

२. लैससास सम्बन्धि कानुनी आधारहरु ........ २

३. लैससास क्षेत्रका बिद्यमान समस्या र चुनौतिहरु ........ ४

४. लैससास रणनीतिको अवश्यकता  तथा महत्व ........ ४

५. नाम र प्रारम्भ ........ ५

६. परिभाषा ........ ५

७. दिर्घकालिन सोच ........ ९

८. लक्ष्य ........ ९

९. उद्देश्य ........ ९

१०. लैससासका मूख्य रणनीतिहरु ........ १०

११. रणनीति तथा कार्यनीतिहरु ........ १२

१२. लैससास कार्यान्वयनको लागि समितिहरु गठन, काम, कर्तव्य र अधिकार ........ २३

१२.१ लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन ........ २३

१२.२ लैससास कार्यान्वयन समितिको काम, कर्तब्य र अधिकार ........ २३

१२.३ लैससास कार्यान्वयन समितिको परिचालन ........ २४

१२.४ वडास्तरीय समिति ........ २४

१२.५ वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकार ........ २५

१३. गुनासो व्यवस्थापन ........ २५

१४. अनुगमन तथा मूल्यांकन ........ २६

१५. रणनीति पूनरावलोकन र संशोधन ........ २६


गण्डकी गाउँपालिका, भुम्लिचोक, गोरखा

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९

### १. पृष्ठभूमि

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसांस्कृतिक देश हो । प्रत्येक समुदाय, जातजातिहरुको समानुपातिक, सन्तुलित र न्यायसंगत प्रगति हुन सके मात्रै मुलुकमा दिगो शान्ति र उन्नतिको प्रत्याभूत हुन्छ । समाजमा महिला, पुरूष तथा बञ्चितिकरणमा परेका वर्गहरुका सामाजिक, आर्थिक तथा राजनीतिक सरोकारका सवालहरु रहेका हुन्छन् । ती सवालहरुलाई सम्बोधन गर्नको लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा कार्यान्वयनमा रहेको छ । नेपालको संबिधान २०७२ र बिभिन्न ऐन तथा कानुनी ब्यवस्थाहरुले पनि लैससास कार्यान्वयनका महत्वपूर्ण भूमिका खेलेको छ ।

नेपाल संविधान २०७२ द्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको छ । यसै परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्न आवश्यक रहेको छ ।

तसर्थ यस संग सम्बन्धित कुनै पनि पक्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पक्षबाट हेर्नु पर्दछ । संविधानले प्रदत्त गरेका प्रावधानहरूको आधारमा अधिकारहरूको व्यवस्थापन तथा राज्य व्यवस्थापन र सञ्चालन हुने भएको हुँदा संविधानमा महिला तथा समावेशीकरणका सवालहरू कसरी राखिएको छ भन्ने विषय निकै महत्वपूर्ण हुन्छ ।

लैससासका सवालहरूलाई संघीय सरकारले नीतिगत तथा कानूनी सुधार गर्दै लगिरहेको सन्दर्भमा स्थानीय सरकारद्वारा संचालन हुने योजना तथा कार्यक्रमलाई लैससास मैत्री बनाउन, संवैधानिक एवं कानूनी प्रावधान तथासरकारले गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र प्रदेश सुशासन ऐन २०७६ को दफा ४३ ले दिएको अधिकार, प्रयोग गरी गण्डकी प्रदेश सरकारले लैससास निर्देशिका, २०७७ मा भएको व्यवस्था अनुसार स्थानीय स्तरमा लैससास मूलप्रवाहीकरण सुनिश्चित गर्दै समावेशी विकास र स्थानीय शासन प्रणालीमा लैससासलाई संस्थागत गर्नका लागि सबै स्थानीय तहमा लैससास मूलप्रवाहिकरण रणनीति निमार्ण गर्न पर्ने देखिएको छ ।

गण्डकी गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरणका (लैससास )सवालहरुलाई सम्बोधन गर्न निरन्तर पहलहरु हुदै आएको छ । यिनै थालिएका पहलहरु, नीति तथा कानुनहरु र कार्यक्रमहरुलाई रणनीतिगतरुपमा निरन्तरता दिनको लागि एक मार्गदर्शक दस्तावेजको रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति तयार गरी लागू गर्ने जमर्को यस गाउँपालिकाले गरेको छ।

**२. लैससास सम्बन्धि कानुनी आधारहरु**

नेपालमा विगत दुई दशकदेखि क्रमिक रूपमा नीतिगत परिवर्तन र उल्लेख्य सुधारहरू भएका छन् । नेपालको संविधान २०७२ को प्रस्तावनामा नै लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई आत्मसात गरिएको छ भने यसलाई मौलिक हक र राज्यका निर्देशिक सिद्धान्तहरुमा पनि व्याख्या गरिएको छ । नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्यहरु र विभिन्न कानूनी दस्तावेजहरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरूलाई सम्बोधन गर्दै राष्ट्रिय प्राथमिकतामा राखिएको छ।। त्यस्तैगरी यसको धारा ३८ ले मौलिक हकअन्तर्गत महिलाको हक, धारा ४२ ले सामाजिक रूपले पछाडि परेका तथा पछाडि पारिएका समुदाय तथा वर्गलाई समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुने उल्लेख गरी सामाजिक न्यायको हक तथा धारा ४३ ले आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला लगायतलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ । माथि उल्लेखित प्रावधानहरूलाई कार्यान्वयन गर्न स्थानीय सरकारलाई संविधानमै उल्लेख गरी विभिन्न काम, कर्तव्य र अधिकार प्रदान गरी ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूसहित सुकुम्बासी ब्यवस्थापन गर्न लक्षित समूहसम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन, सामाजिक सुरक्षासम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन नियमन गर्ने कुराहरू उल्लेख गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा २४ ले गाउँपालिकाले आफनो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीयस्तरमा विकासकालागि आवधिक, बार्षिक, रणनीतिगतरुपमा मध्यकालिन तथा दिर्घकालिन योजना बनाई लागू गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रुपमा ब्यबस्था गरेको र सोही दफाको उपदफा ( २) मा योजना बनाउदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तरसम्बन्धीत विषयलाई ध्यान दिनु पर्ने भनी उल्लेख गरेको छ।

नेपाल सरकारले राष्ट्रिय लैंगिक समानता नीति २०७७ लागु गरेको छ जसले देशभर महिला, किशोरी र बालिकाको सामाजिक आर्थिक बिकासको लागि नीतिगत र संरचनागत ब्यवस्था, लैंगिक शोषण, हिंसा र



गण्डकी गाउँपालिका, भूमिलाक, गोरखा

शोषणको अन्त्य गरी लैंगिक मूल्य मान्यतामा आधारित समतामूलक समाजको स्थापना, लैंगिक उत्तरदायी शासन पद्दतिको कार्यान्वयन र महिला आर्थिक सशक्तीकरणलाई प्रवर्द्धन गर्ने नीति र कार्यनीतिहरुको ब्यवस्था गरेको छ। नेपाल सरकारले प्रदेश तथा स्थानीय तहहरुलाई लैंगिक उत्तरदायी तुल्याउने अभिप्रायले प्रदेश तथा स्थानीय तहका लागि लैंगिक उत्तरदायी बजेट नमूना निर्देशिका २०७७ तयार गरी उपलब्ध गराएको छ जुन प्रदेश तथा स्थानीय तहहरुले स्थानीयकरण गरी लागु गर्न सक्नेछन्।

पन्ध्रौ योजना (आर्थिक वर्ष २०७६/०७७ - २०८०/०८१) को आधारपत्रमा (क) लैङ्गिक समानता तथा महिला सशक्तिकरण, (ख) बालबालिका तथा किशोरकिशोरी (ग) जेष्ठ नागरिक (घ) अपाङ्गता भएका व्यक्ति (ड) सामाजिक सुरक्षा तथा संरक्षण (च) समावेशीकरण लगायतका विषयहरुलाई छुट्टै शिर्षकका रुपमा राखिएको छ। तथापि विभिन्न सामाजिक समूहका मानिसको विकास सूचकहरूमा र राजनीतिक तथा प्रशासनिक शक्तिको पहुँचमा व्यापक अन्तर रहेको पाइन्छ।

यस सन्दर्भमा गण्डकी गाउँपालिकाले आफ्नो क्षेत्रलाई लैङ्गिक मैत्री तथा समावेशी गाउँपालिका बनाउने परिकल्पना अनुरुप महिला, बालबालिका तथा बञ्चितीमा परेको वर्गहरुलाई विकासको मूलप्रवाहमा ल्याई समावेशी विकास गर्न विभिन्न सरोकारवाला निकायहरुले विभिन्न प्रयास गर्दै आइरहेको छ। विकेन्द्रित प्रकृया अनुरुप स्थानीय स्तरको योजना र कार्यक्रम तर्जुमाका सबै चरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण एवम् मूलप्रवाहीकरणका प्रकृयामा आवश्यक समन्वय कायम गराउनुका साथै सहकार्यका लागि प्रतिवद्धता व्यक्त भएका छन्।

गण्डकी गाउँपालिकाले आफ्नो क्षेत्रमा भएका प्रयासहरुलाई निरन्तरता दिदै विधमान सामाजिक असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएका कमजोर अवस्था र पहुँचको अन्तरलाई न्यून गरी प्राप्त उपलब्धिहरुलाई नतिजामुखी बनाई संस्थागत गर्न लागि परेको छ। यसको लागि गाउँपालिकाले अबलम्बन गर्ने निर्णय प्रक्रियामा महिला,पुरुष, बालबालिका, तथा पछाडी पारिएका वा परेका वर्गहरुलाई अर्थपूर्ण संलग्नताको भुमिकासहित लैङ्गिक समानता र सामाजिक समावेशीकरण बिभिन्न योजनाहरु अघि सारेको छ।

माथिका कानुनी व्यवस्थाहरु आधार मानी र गाउँपालिकाबाट गठन तथा सञ्चालन हुने समिति, संरचना र क्रियाकलापहरुलाई मुलप्रवाहीकरणको माध्यमवाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

पद्धतिलाई संस्थागत गर्न आवश्यक देखीएकोले गण्डकी गाउँपालिकाले "**लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७९**" जारी गरेको छ ।

## ३. लैससास क्षेत्रका बिद्यमान समस्या र चुनौतिहरु

गाउँपालिकाले हरेक आर्थिक बर्षका नीति तथा कार्यक्रममा निरन्तर रुपमा लैससासका सवालहरुको सम्बोधन गर्न बिभिन्न रचनात्मक नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्दै आएको भएता पनि मुलप्रवाहीकरण , सशक्तिकरण, क्षमता विकास,समन्वय, सहकार्य तथा सहजीकरण, अनुगमन तथा मुल्यांकन आदि रणनीतिक क्षेत्रहरुमा थुप्रै चुनौतिहरु रहेका छन् जसको लागि लैससास रणनीति आवश्यक रहेको छ । गाउँ पालिकाको लैससास क्षेत्रमा चुनौतिहरु रहेको छ ।

- सबै निर्वाचित पदाधिकारीहरु लैससासका नीति कानुन तथा कार्यान्वयन प्रक्रिया सम्बन्धमा पूर्ण जानकार नभएकोले उनीहरुवाट लैससास कार्यान्वयनमा सहयोग सम्बन्धी चुनौति देखिएको ।
- गाउँपालिकाको लैससास सम्बेदनशिल आवधिक योजना तयार नभैसकेको हुँदा यसको बार्षिक योजनामा समावेश गरी कार्यान्वयन गर्न कठिनाई देखिएको ।
- महिला तथा बञ्चितिमा परेका समुदायको चेतना स्तर अझै न्यून रहेको हुँदा उनीहरुको स्थानीय सरकारमा सहभागिता र सेवा सुबिधामा पहुँच सुनिस्चित गर्न चुनौति रहेको ।

## ४. लैससास रणनीतिको अवश्यकता तथा महत्व

गाउँपालिकामा लैससास सम्बन्धमा देखिएका समस्या र चुनौतिको समाधान गर्न देहायका कारणले लैससास रणनीति आवश्यक रहेको छ ।

- लैससास सम्बन्धि विधमान चुनौतिहरु लाई न्यून गर्न ।
- राज्य बाट प्रदान गरिएका स्रोत , सेवा तथा सुविधाहरुमा विशेष गरी बञ्चितिकरणमा परेका महिला, बालबालिका, पिछडिएका समूहरुलाई समानतामुलक पहुँच सुनिश्चित गर्न ।
- सरोकारवालाहरूलाई वार्षिक तथा आवधिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील, उत्तरदायी, जवाफदेही हुन अभिप्रेरित गर्न ।

- सामाजिक असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएका कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहूँचको अन्तरलाई न्यून गरी संस्थागत गर्न।
- लैससासका सवालहरूलाई संघीय सरकारले नीतिगत तथा कानूनी सुधार गर्दै लगिरहेको सन्दर्भमा स्थानीय सरकारद्वारा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैससास मैत्री बनाउन, संवैधानिक एवं कानूनी प्रावधान तथा सरकारले गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न।

माथि उल्लेख गरिएका औचित्यहरुलाई पुरा गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा (२) बुदाँ ठ को उपबुदाँ (२) मा व्यवस्था भए बमोजिम अधिकारको प्रयोग गरी यस गाउँपालिकाको लागी **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९** जारी गरिएको छ। यो रणनीति आगामी ५ वर्षको लागि जारी गरिएको हो।यस रणनीति को सफल कार्यन्वयन बाट गाउँपालिका बासीहरुले लैङ्गिक समता र समानता सहित सम्मानपूर्ण जीवनयापन गर्न पाउने अवस्था सुनिश्चित गर्नेछ।

## ५. नाम र प्रारम्भ

यस रणनीतिको नाम "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९" रहनेछ र यसको प्रारम्भ यस गाउँपालिकाको कार्यपालिकाले अनुमोदन गरेको मिति देखि लागू हुनेछ।

## ६. परिभाषा

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस रणनीतिमा

क) **"रणनीति"** भन्नाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९" सम्झनु पर्दछ।

ख) "**स्थानीय तह**" भन्नाले गण्डकी गाउँपालिका सम्झनु पर्छ।

ग) "**लैङ्गिक समानता"** भन्नाले महिला र पुरुषबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्छ।

घ) **"लैङ्गिक समता"** भन्नाले अवसर र न्यायबाट बन्चित महिला वा पुरुषलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने बिशेष प्रयासलाई सम्झनु पर्छ।

ङ) **"सामाजिक समावेशीकरण"** भन्नाले अवसर तथा श्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा सांस्कृतिक जीवन यापन गर्नवाट वञ्चित भई



गण्डकी गाउँपालिका, भुम्लिचोक, गोरखा

गरिबी तथा  सामाजिक रुपमा वञ्चितीकरणमा परेका समूहहरुलाई निर्णय प्रक्रियामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन, सेवा तथा आधारभूत अधिकार उपभोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्छ ।

च) **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण"** भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्वन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नु पर्ने विषयलाई सम्झनु पर्छ ।

छ) **"बञ्चित समूह"** भन्नाले यस गाउँपालिकाको परम्परागत रुपमा लामो समय देखि जातिय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवाशी, जनजाति, मधेसी, मुस्लिम, अपाङ्ग, जेष्ठ नागरीक एवम् दुर्गम क्षेत्रमा बसोवास गर्ने जनता सम्झनु  पर्दछ ।

ज) **"अल्पसंख्यक"** भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै लैङ्गिक,जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ ।

झ) **"सीमान्तकृत"** भन्नाले यस गाउँपालिकाको राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय  कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अतिसीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।

ञ) **"लक्षित समूह"** भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवम् बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग एवम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग तथा समुदाय सम्झनु पर्छ ।

ट) **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण उत्तरदायी बजेट"** भन्नाले गाउँपालिकाको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, लैङ्गिक

तथा यौनिक अल्पसंख्यक,अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढङ्गले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ । लैङ्गिक समानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्यमूलक, योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि  विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलव्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनु पर्छ ।

ठ) **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण बजेट परीक्षण"** भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरुष बीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैङ्गिक समानता तथा समावेशी विकास गर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनु पर्छ ।

ड) **"लैङ्गिक मूलप्रवाहीकरण"** भन्नाले गाउँपालिकाको कुनै पनि योजनाबद्ध कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिमा परेका वर्गहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्छ ।

ढ) **"सामाजिक वञ्चितीकरणमा परेका समूहहरू"** भन्नालेमहिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका जनतालाई  बुझाउँदछ ।

ण) **"लैङ्गिक प्रभाव विष्लेषण"** भन्नाले नीति तथा अभ्यासहरुकोपरिक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनावाट महिला एवम् पुरुष कत्तिको लाभान्बीत भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्दछ ।

त) **"सशक्तीकरण"** भन्नाले विकासका अवसरहरुवाट बञ्चित, श्रोत र साधनमा पहूँच तथा नियन्त्रणमा पछाडि परेका, अशक्त वा कमजोर वर्गलाई सवल बनाउने कार्यलाई सम्झनु पर्दछ ।

थ) **"खण्डीकृत तथ्याङ्क"** भन्नाले महिला तथा पुरुष, जातीय, अल्पसंख्यक समुह, अपाङ्गता भएका एवं एच.आई. भि. संक्रमित ब्यक्ति तथा अन्य सीमान्तकरण परेका समूहहरुको तहगत तथ्याङ्कलाई सम्झनु पर्दछ ।

गाउँ गाउँपालिका, भीलचोक, गोरखा

द) **“कार्यक्रम”** भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजनाहरुको संयोजित रुप सम्झनु पर्छ।

ध) **“योजना”** भन्नाले समग्र विकास निमार्ण सम्वन्धी कार्यको लागि तयार गरिएको गाउँपालिकाको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकिकृत विकास योजना, सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीति योजना आदि सम्झनु पर्छ।

न) **“लैससास सम्पर्क ब्यक्ति”** भन्नाले यस गाउँपालिकाको कार्यपालिकाको कार्यालय वा सम्बन्धित शाखाको लैससास हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

ऩ) “**विकास साझेदार”** भन्नाले गाउँपालिकासँग भएको सम्झौता वमोजिम नगद, जिन्सी एवम् प्रविधिक सहयोग उपलब्ध गराउने द्धिपक्षीय एवम् बहुपक्षीय दातृ निकाय, सयुक्त राष्ट्रसंघीय निकायहरु तथा अन्तरतष्ट्रिय गैरसरकारी संस्था सम्झनु पर्छ।

प) **“टोल विकास संस्था”** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १२ (२) क बमोजिम सामाजिक परिचालकको अवधारणा बमोजिम गठन हुने समूह सम्झनु पर्छ।

फ) **“उपभोक्ता समिति”** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफुहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ।

ब) **“सामुदायिक संस्था”** भन्नाले जनचेतना सम्वन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्वन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा स्थानीय तहमा सूचीकृत भएका समुदायहरु आधारित संस्था सम्झनु पर्छ।

भ) **“गैरसरकारी संस्था”** भन्नाले प्रचलीत कानून वमोजिम स्थापना भएका गाउँपालिकाको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई गाउँपालिकासँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैर नाफामूलक संस्था सम्झनु पर्छ।

म) **“स्थानीयकरण”** भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थिति वा अवस्था अनुसार ढाली त्यसको प्रभाबकारी एवं अधिकत्म उपयोग गर्ने प्रक्रिया भन्ने सम्झनु पर्छ।

गण्डकी गाउँपालिका, भीमलचोक, गोरखा

## ७. दिर्घकालिन सोच

गाउँपालिका विद्यमान सबै खालको लैङ्गिक ,जातीय  तथा क्षेत्रीय भेदभाव अन्त्य गरी समावेशी , समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने ।

## ८. लक्ष्य

यस रणनीतिको लक्ष्य आगामी ५ वर्षको लागि गण्डकी गाउँपालिकामा लैससास सम्वन्धित समाजमा विद्यमान मुल्य, मान्यता, संस्कार र ब्यवहारमा परिवर्तन ल्याई लैङ्गिक, जातीय र क्षेत्रीय भेदभावमूक्त लैङ्गिक मैत्री, समाबेशी, समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको गर्ने रहेको छ  ।

## ९. उद्देश्य

यस रणनीतिको मुल उद्देश्य गाउँपालिका क्षेत्रमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गरी समतामूलक समाजको स्थापना गर्नु हो । स्थानीय सरकारले हालसम्म गर्दै आएको लैंगिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रका कार्यहरुको समिक्षा गर्दै स्थानीय तहमा बिद्यमान लैससास सम्बन्धी सवालहरुको पहिचान गरी स्थानीय नीति, योजना, कार्यक्रम तथा बजेटलाई लैससास सम्बेदनशील तुल्याई बञ्चितिकरणमा परेका महिला, सिमान्तकृत तथा गरिबीमा रहेका समुदायहरुलाई राज्यले उपलब्ध गराउने स्रोत तथा सेवा सुबिधामा समतामूलक पहुँचको सूनिस्चित गर्ने र ती समुहहरुको सामाजिक तथा आर्थिक सूचकांकमा सुधार ल्याउने रहेको छ । यस रणनीतिका बिशिष्ट उद्देश्यहरु देहाय अनुसार रहेका छन्:

१. गाउँपालिकाका नीति, योजना, कार्यक्रम तथा बजेट लैससास उत्तरदायी बनाउदै महिला तथा बञ्चितिकरणमा परेका समुहहरुको बिकासमा मूलप्रवाहिकरण सूनिस्चित गर्ने ।

२. स्थानीय सरकारको संस्थागत संरचनालाई लैससास मैत्री बनाई महिला, बञ्चितिकरणमा परेका समुहहरुको अर्थपूर्ण सहभागिता गराई लैंगिक तथा सामाजिक समुहहरु बिचको अन्तरहरु र सोको प्रभावहरुलाई सम्बोधन गर्ने ।

३. लैंगिक समानता तथा सामाजिक समावेशीकरणका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न दक्ष जनशक्ति तयारी र लक्षित वर्गहरुको सहभागिता, क्षमता बिकास र  सशक्तीकरणमा योगदान गर्ने ।

गण्डकी गाउँपालिका, भीमसेन थापा, गोरखा

४. संघीय, प्रदेश तथा स्थानीय सरकारवाट प्रवाह हुने आधारभूत सेवाहरुमा लक्षित समुहहरुको पहुँच र नियन्त्रणमा बृद्धि गरी उनीहरुको आर्थिक, सामाजिक, राजनितिक र सार्वजनिक जीवन समावेशी र सक्षम बनाउने ।

५. स्थानीय तहमा लैससासको दृष्टिकोणबाट जवाफदेहिता, उत्तरदायित्व, सूचना शिक्षा तथा सञ्चार, अनुगमन तथा मूल्यांकन र सुशासन पद्दतिलाई संस्थागत गर्ने ।

६. स्थानीय तहमा लैससासका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयनको लागि सम्बन्धित सरोकारवालासंग समन्वय र सहकार्यलाई संस्थागत गर्ने ।

## १. लैससासका मूख्य रणनीतिहरु

गाउँपालिकाको लैससास रणनीतिको उद्देश्यहरु परिपूर्ति गर्न मूख्य गरी यसका सैद्धान्तिक पक्षहरु जस्तै मूलप्रवाहिकरण, सशक्तीकरण, क्षमता बिकास, समन्वय तथा सहकार्य र अनुगमन, मूल्यांकन तथा सूशासनलाई मूलरुपमा अवलम्बन गरिएको छ । यिनै सैद्धान्तिक आधारहरुमा देहाय अनुसारका रणनीतिहरु तोकिएका छन् :

| उद्देश्यहरु | मुख्य रणनीतिहरु |
|---|---|
| **गाउँपालिकाका नीति, योजना, कार्यक्रम तथा बजेट लैससास उत्तरदायी बनाउदै महिला तथा बञ्चितिकरणमा परेका समुहहरुको बिकासमा मूलप्रवाहिकरण सूनिस्चित गर्ने ।** | क) स्थानीय नीति तथा कानुनहरु लैससासको दृष्टिकोणले लेखाजोखा गरी लैससास सम्वेदनशिल बनाई कार्यान्वयन गर्ने ।<br>ख) बार्षिक तथा आवधिक योजनाहरुमा लैंगिक तथा सामाजिक समावेशी बिकासका कार्यक्रमहरु समावेश गर्ने ।<br>ग) बजेट तर्जुमा तथा कार्यान्वयनमा महिला र सीमान्तकृत समुहहरुको अर्थपूर्ण सहिभागिता सूनिस्चित गर्ने र बजेटमा पहुँच अभिबृद्धि गर्ने । |
| **स्थानीय सरकारको संस्थागत संरचनालाई लैससास मैत्री बनाई महिला, बञ्चितिकरणमा परेका समुहहरुको अर्थपूर्ण सहभागिता गराई लैंगिक तथा सामाजिक समुहहरु बिचको अन्तरहरु र सोको प्रभावहरुलाई सम्बोधन गर्ने ।** | क) गाउँपालिकाका कर्मचारी/पदाधिकारीमा महिला तथा बञ्चित समुहको समानुपातिक प्रतिनिधित्व सम्बन्धमा नीतिगत तथा कानुनी ब्यवस्था गरी कार्यान्वयन गर्ने ।<br>ख) लैससास कार्यान्वयन समितिको गठन तथा लैंगिक बिकास डेस्क स्थापना र सञ्चालन गर्ने ।<br>ग) स्थानीय तहमा गठन हुने सबै समिति, उपसमिति र कार्यदलहरु लैससास मैत्री बनाउँने सम्बन्धमा भएको कानुनी ब्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन, समिक्षा र आवश्यक सुधार गर्ने ।<br>घ) स्थानीय बित्त ब्यवस्थापनलाई लैससास उत्तरदायी |

| | |
|---|---|
| | बनाउने र कार्यान्वयन गर्ने ।<br>ङ) लैससास मैत्री खण्डीकृत तथ्यांक ब्यवस्था गरी लैससास मैत्री योजना तथा बजेट तर्जुमा कार्यमा उपयोग गर्ने । |
| **लैंगिक समानता तथा सामाजिक समावेशीकरणका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न दक्ष जनशक्ति तयारी र लक्षित वर्गहरुको सहभागिता, क्षमता बिकास र सशक्तीकरणमा योगदान गर्ने ।** | क) महिला तथा सिमान्तकृत समुहहरुको लागि क्षमता बिकास योजना तयारी गरी कार्यान्वयन गर्ने ।<br>ख) बिभेदकारी सामाजिक मूल्य मान्यता र कुसंस्कारहरुको न्यूनिकरणका कार्यक्रमहरु गर्ने ।<br>ग) बिपद ब्यवस्थापनमा लैससास सम्वेदनशिलता समावेश गरी कार्यान्वयन गर्ने । |
| **संघीय, प्रदेश तथा स्थानीय सरकारवाट प्रवाह हुने आधारभूत सेवाहरुमा लक्षित समुहहरुको पहुँच र नियन्त्रणमा बृद्धि गरी उनीहरुको आर्थिक, सामाजिक, राजनितिक र सार्वजनिक जीवन समावेशी र सक्षम बनाउने ।** | क) स्थानीय तहमा लैंगिक, बाल र अपांग मैत्री सम्बेदनशिल संरचनाको प्रावधानहरु कार्यान्वयन गर्ने ।<br>ख) स्थानीय तहका सबै महिलाहरुलाई प्रजनन तथा महिला स्वास्थ्य सम्बन्धि सेवा सुबिधाहरुमा पहुँच सुनिस्चित गर्न पहल गर्ने ।<br>ग) स्थानीय तहका सबै महिला तथा बञ्चितिकरणमा परेका समुदायहरुको शिक्षामा पहुँच सुनिस्चित गर्न आवश्यक नीति, कानुन तथा कार्यक्रमहरुको समिक्षा गरी उनीहरुको शिक्षामा सरलरुपमा पहुँचका लागि ब्यवस्थाहरु थप गरी कार्यान्वयन गर्ने ।<br>घ) स्थानीय तहका सबै महिला तथा बञ्चितिमा परेका समुदायहरुको सुद्ध खानेपानीमा पहुँच तथा सरसफाईमा सचेत तुल्याउन आवश्यक कार्यक्रमहरुको पहिचान गरी कार्यान्वयन गर्ने ।<br>ङ) स्थानीय तहका सबै महिला तथा बञ्चितिमा परेका समुदायहरुको लागि बेरोजगारी तथा गरीबीको नक्सांकन गरी सोको आधारमा स्वरोजगार र आयआर्जनमा पहुँच अभिबृद्धि गर्न हालका ब्यवस्थाहरुको समिक्षा गरी बिभिन्न आयमूलक तथा सिपमूलक कार्यहरु कार्यान्वयन गर्ने । |
| **स्थानीय तहमा लैससासको दृष्टिकोणबाट जवाफदेहिता, उत्तरदायित्व, सूचना शिक्षा तथा सञ्चार, अनुगमन तथा मूल्यांकन र सुशासन पद्दतिलाई संस्थागत गर्ने ।** | क) स्थानीय तहमा सुशासन कायम गर्ने सम्बन्धमा लैससास सम्बेदनशिल स्थानीय नीति तथा कानुन निर्माण गरी कार्यान्वयन गर्ने ।<br>ख) स्थानीय तहमा लैससास क्षेत्रमा सुधार प्रति उत्तरदायित्व र जवाफदेहिता स्थापनाका लागि अनुगमन, मूल्यांकन तथा परीक्षणहरु कार्यान्वयन गर्ने ।<br>ग) स्थानीय तहमा पारदर्शिता र सचेतनाको लागि सूचना, |

| | |
|---|---|
| | शिक्षा तथा सञ्चारका क्रियाकलापहरुमा निरन्तरता दिने र आवश्यक सुधार गर्दै लैजाने। |
| **स्थानीय तहमा लैससासका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयनको लागि सम्बन्धित सरोकारवालासंग समन्वय र सहकार्यलाई संस्थागत गर्ने।** | क) लैससासको प्रभावकारी कार्यान्वयनको लागि सम्बन्धित निकाय तथा सरोकारवालाहरुसंग समन्वय र सम्बन्ध बिस्तारका क्रियाकलापहरुमा निरन्तरता दिने। |

## १०. रणनीति तथा कार्यनीतिहरु

| |
|---|
| उद्देश्य १: गाउँपालिकाका नीति, योजना, कार्यक्रम तथा बजेट लैससास उत्तरदायी बनाउदै महिला तथा बञ्चितिकरणमा परेका समुहहरुको बिकासमा मूलप्रवाहिकरण सूनिस्चित गर्ने। |

**रणनीति १.१: स्थानीय नीति तथा कानुनहरु लैससासको दृष्टिकोणले लेखाजोखा गरी लैससास सम्वेदनशिल बनाई कार्यान्वयन गर्ने।**

कार्यनीतिहरु

क) स्थानीय नीति तथा कानुनहरु लैससासको दृष्टिले समिक्षाको लागि कार्यटोली निर्माण गरी परिचालन गरी उक्त नीति तथा कानुनहरु लैससास सम्बेदनशिल बनाउने।

ख) महिला तथा बञ्चितिकरणमा परेको समुदायहरुमा हुने बिभेदजन्य कार्यहरु रोक्न स्थानीय नीति तथा कानुन निर्माण र लागु गर्ने।

ग) कृषि र निर्माण कार्यमा महिला र पुरुष बिचमा समान ज्याला कार्यान्वयनको लागि स्थानीय कानुन तर्जुमा गरी लागु गर्ने।

**रणनीति १.२: बार्षिक तथा आवधिक योजनाहरुमा लैंगिक तथा सामाजिक समावेशी बिकासका कार्यक्रमहरु समावेश गर्ने।**

कार्यनीतिहरु

क) आवधिक र बार्षिक योजना तथा कार्यक्रममा लैंगिक तथा समावेशी बिकासको मापनयोग्य उपलब्धीहरुको लक्ष्य तोकी कार्यान्वयन गर्ने।

ख) स्थानीय सरकारको योजना सूची लक्षित समुहहरुको सक्रीय सहभागितामा तयार गर्ने र उनीहरुले माग गरेको योजना प्राथमिकिकरणमा पार्ने कार्यलाई निरन्तरता र प्रभावकारी बनाउने।

ग) योजना तर्जुमा गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुहहरुको ब्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने बिषयमा छलफल गर्ने र योजनामा समावेश गर्ने ।

घ) स्थानीय सरकारले दिगो बिकासका लक्ष्यहरु बिशेष गरेर लक्ष्य ५ लैंगिक समानता प्राप्त गर्ने बिषयलाई स्थानीयकरण गरी लागु गर्ने ।

ङ) महिला बालबालिका तथा पिछाडिएको वर्ग तथा समुदाय र क्षेत्रलाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरुको लागि बजेटको न्यूनतम् निस्चित प्रतिशत बिनियोजनको लागि नीतिगत ब्यवस्था र कार्यान्वयन गर्ने ।

च) स्थानीय सरकारका उपभोक्ता समितिहरुमा लक्षित समुहको प्रतिनिधि सहित कम्तिमा ४० प्रतिशत महिलाको सहभागिता सुनिस्चित गर्ने ।

**रणनीति १.३: बजेट तर्जुमा तथा कार्यान्वयनमा महिला र सीमान्तकृत समुहहरुको अर्थपूर्ण सहिभागिता सुनिश्चित गर्ने र बजेटमा पहुँच अभिबृद्धि गर्ने ।**

**कार्यनीतिहरु**

क) योजना तर्जुमा प्रक्रियामा लक्षित बर्गहरुको सहभागिता बढाउन सचेतनामूलक कार्यक्रम गर्ने ।

ख) वडा कार्यालयहरुवाट लक्षित बर्ग छलफल र बस्ती स्तरीय योजना भेलामा लक्षित बर्गहरुको सहभागिता सुनिश्चित गर्ने ।

ग) स्थानीय सरकारका क्षमता बिकास योजनामा लैंगिक उत्तरदायी तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रमहरु समावेश गर्ने ।

घ) लैससास परीक्षण नियमित गर्ने ।

ङ) गाउँपालिकाको बिकास आयोजना तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय श्रम सिप र प्रबिधिलाई उपयोग गर्ने नीति कार्यान्वयन गर्ने ।

उद्देश्य २: स्थानीय सरकारको संस्थागत संरचनालाई लैससास मैत्री बनाई महिला, बञ्चितिकरणमा परेका समुहहरुको अर्थपूर्ण सहभागिता गराई लैंगिक तथा सामाजिक समुहहरु बिचको अन्तरहरु र सोको प्रभावहरुलाई सम्बोधन गर्ने ।

**रणनीति २.१: गाउँपालिकाका कर्मचारी/पदाधिकारीमा महिला तथा बञ्चित समुहको समानुपातिक प्रतिनिधित्व सम्बन्धमा नीतिगत तथा कानुनी ब्यवस्था गरी कार्यान्वयन गर्ने ।**

**कार्यनीतिहरु**

क) महिला र पुरुषको सहभागिता ५०/५० प्रतिशत बनाउन नीतिगत ब्यवस्था गर्ने ।

ख) स्थानीय सरकारका कर्मचारीहरुको पदपूर्तिको निर्णय गर्दा सबै जातजाति, वर्ग, लिंग र समुदायका समानुपातिक सहभागिताको ब्यवस्था गर्ने ।

ग) जनप्रतिनिधि तथा कर्मचारीहरुलाई क्षमता बिकास कार्यक्रममा महिला र बञ्चितिकरणमा परेका समुदायको प्रथम प्राथमिकता दिई कार्यान्वयन गर्ने ।

**रणनीति २.२: लैससास कार्यान्वयन समितिको गठन तथा लैंगिक बिकास डेस्क स्थापना र सञ्चालन गर्ने ।**

<u>कार्यनीतिहरु</u>

क) गाउँपालिकामा लैससास कार्यान्वयन समिति गठन गरी कार्य बिवरणको आधारमा कार्य गर्ने ।

ख) लैंगिक बिकास डेस्कको संस्थागत बिकास गर्ने ।

**रणनीति २.३: स्थानीय तहमा गठन हुने सबै समिति, उपसमिति र कार्यदलहरु लैससास मैत्री बनाउने सम्बन्धमा भएको कानुनी ब्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन, समिक्षा र आवश्यक सुधार गर्ने ।**

<u>कार्यनीतिहरु</u>

क) स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा बञ्चितिकरणमा परेका समुदायबाट प्रतिनिधित्व हुने ब्यवस्थालाई अझ प्रभावकारी कार्यान्वयन गर्ने ।

ख) स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा समिक्षा सम्बन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुले महिला र बञ्चितिकरणमा परेका समुदायको हित हुने गरी बिश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने कार्य कार्यान्वयन गर्ने ।

**रणनीति २.४: स्थानीय बित्त ब्यवस्थापनलाई लैससास उत्तरदायी बनाउने र कार्यान्वयन गर्ने ।**

<u>कार्यनीतिहरु</u>

क) स्थानीय तहमा महिला बिकास, लैंगिक हिंसा बिरुद्ध सचेतना र नियमन, महिला सिप बिकास, नेतृत्व बिकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा स्रोत ब्यवस्थापनका लागि छुट्टै कोष स्थापना र सञ्चालन गर्ने ।

ख) आदिबासी, जनजाति, दलित, अन्य लक्षित समुहका महिलाहरुको क्षमता बिकास र सशक्तीकरणको लागि उनीहरुको आवश्यकतानुसार लागि यथेष्ट बजेटको ब्यवस्था गरी कार्यान्वयन गर्ने ।

ग) स्थानीय सरकारले समावेशी सूचना प्रणाली ब्यवस्थापन गर्न बजेट ब्यवस्था गरी कार्यान्वयन गर्ने ।



गण्डकी गाउँपालिका, भाँसिको, गोरखा

**घ)** कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्बन्धी सूचना दिने ब्यवस्था अझ प्रभावकारी बनाउने ।

**रणनीति २.५: लैससास मैत्री खण्डीकृत तथ्यांक ब्यवस्था गरी लैससास मैत्री योजना तथा बजेट तर्जुमा कार्यमा उपयोग गर्ने ।**

**कार्यनीतिहरु**

क) समुदायस्तरका आधारभूत खण्डीकृत सूचना या तथ्यांक संकलन तथा बार्षिक रुपमा अध्यावधिक गर्ने ।

ख) गाउँपालिकाले बेरोजगारी तथा गरीबी प्रोफाईल तयारी गर्ने ।

ग) स्थानीय सरकारले आफ्नो बिकास योजना तर्जुमा गर्दा खण्डीकृत तथ्याङ्क र सूचनालाई अधिकतम प्रयोग गर्ने ।

| |
|---|
| उद्देश्य ३: लैंगिक समानता तथा सामाजिक समावेशीकरणका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न दक्ष जनशक्ति तयारी र लक्षित वर्गहरुको सहभागिता, क्षमता बिकास र सशक्तीकरणमा योगदान गर्ने । |

**रणनीति ३.१: महिला तथा सिमान्तकृत समुहहरुको लागि क्षमता बिकास योजना तयारी गरी कार्यान्वयन गर्ने ।**

**कार्यनीतिहरु**

क) महिला तथा बञ्चित समुहहरुको लागि लैससास बिकासको लागि क्षमता बिकास कार्ययोजना तयार गरी छुट्टै शिर्षकमा बजेट बिनियोजन तथा सोको कार्यान्वयन गर्ने ।

ख) स्थानीय सरकारका पदाधिकारी/कर्मचारीहरुले लैंगिक समानता तथा सामाजिक समावेशी बिकास, लैंगिक हिंसा न्यूनिकरण सम्बन्धी तालिमहरु योजनामा समावेश गरी लक्षित बर्गहरुलाई उक्त तालिमहरु उपलब्ध गराउने ।

ग) तालिमका बिषयबस्तुको प्रस्तुतिकरणमा लैंगिक समवेदनशिल भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र उपयूक्त सेवा सुबिधा उपलब्धता सुनिश्चित गर्ने ।

घ) महिला तथा लक्षित समुहको पदाधिकारीहरु तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरु (प्राविधिक तालिम, क्षमता बिकास, नेतृत्व बिकासको तालिम, भ्रमण) हरेक आर्थिक बर्षको योजना तथा कार्यक्रम समावेश गरी कार्यान्वयन गर्ने ।

गण्डकी गाउँपालिका, भुलभुले, गोरखा

ङ) लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने मानवीय श्रोतको बिकास र परिचालन गर्ने ।

च) मानव संसाधन बिकास केन्द्र वा शाखा वा ईकाईको ब्यवस्था र उक्त केन्द्रको कार्य बिवरण तयार गरी लागु गर्ने ।

छ) महिला बिकासको लागि भएका बेईजिङ घोषणपत्रका बाह्रवटा प्रतिबद्धताहरुको बारेमा स्थानीय सरकारका पदाधिकारीहरु र कर्मचारीहरुलाई हरेक आर्थिक बर्षमा अभिमूखिकरण तथा सोको कार्यान्वयन गर्ने ।

ज) जनप्रतिनिधिहरु र कर्मचारीलाई नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकारी बित्त ब्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरु, बिषयगत कानुनहरु पालिकाले जारी गरेको कानुनहरु र अन्य प्रचलित महत्वपूर्ण कानुनहरुको बारेमा अभिमूखिकरण तथा पूनर्ताजगी तालिमहरु नियमित रुपमा गर्ने ।

झ) गाउँपालिकाको कार्यपालिका सदस्यहरु, सभाका सदस्यहरु र पालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखहरुलाई कानुनी मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया र कानुनमा समावेश गर्नुपर्ने लैससासका सवालहरु र सोको समाधानका बिषयबस्तुका सम्बन्धमा समय समयमा अभिमूखिकरण र पूनर्ताजगी कार्यक्रमहरु सञ्चालन गर्ने ।

ञ) महिला, बालबालिकाहरुको संबैधानिक हक अधिकार, एकल महिला र चेलीबेटी बेचबिखन बिरुद्ध कार्यक्रम, छाउपडी प्रथा बिरुद्ध कार्यक्रम, यौनहिंसा बिरुद्ध कार्यक्रम आदि बारेमा कानुनी अनुशिक्षण नियमित सञ्चालन गर्ने ।

**रणनीति ३.२: बिभेदकारी सामाजिक मूल्य मान्यता र कुसंस्कारहरुको न्यूनिकरणका कार्यक्रमहरु गर्ने ।**

**कार्यनीतिहरु**

क) महिला ,बालबालिका,लैङ्गिक तथा यौनिक अल्पसंख्यक बिरुद्ध सबैखाले हिंसा क्रमश न्यूनीकरण गर्दै गर्ने कार्यक्रमहरु पहिचान गरी नियमित रुपमा सो अनुसारको बजेट बिनियोजन गरी कार्यक्रमहरु सञ्चालन गर्ने ।

ख) लैङ्गिक हिंसा रहित गाउँपालिका घोषणाको लागि आवश्यक कार्यक्रम गरी सोको घोषणा गर्ने ।

ग) लैङ्गिक हिंसा बिरुद्ध सुन्य सहनशिलता सम्बन्धमा स्थानीय नीति तथा कार्यबिधि लागु गर्ने ।

गण्डकी गाउँपालिका, भीमसेनथापा, गोरखा

घ) समाजमा रहेका बिभिन्न कुसंस्कार जस्तै जातिगत छुवाछुत, बाल बिवाह, बहुबिवाह, दाईजो आदि जस्ता सामाजिक कुरीति हटाउन कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्ने।

ङ) दलित र आदिबासी जनजातिहरुको समुदायमा रहेको मदिरा सेवनलाई न्यूनिकरण गर्न कार्यक्रमहरु सञ्चालन गर्ने।

च) लैङ्गिक हिंसा प्रभावित लाई सहयोग गर्न छुट्टै टोल फ्री नम्बर राखिने।

छ) बिधालय, घर , तथा कार्य स्थलमा हुने यौनजन्य, दुर्व्यवहार सम्बन्धि  गुनासो व्यवस्थापन लाई छुट्टै उपशाखा को स्थापना गर्ने।

ज) हिंसा प्रभावितलाई आइपर्ने मनोसामाजिक समस्यालाई तत्काल सम्बोधन हरेक बिधालयमा संस्थागत तथा सरकारी बिधालय गुनासो सुन्ने शिक्षक/लैंगिक सम्पर्क व्यक्ति गुनासो सुनुवाई कार्यविधिले तोके बमोजिम गर्ने

**रणनीति ३.३: बिपद ब्यवस्थापनमा लैससास सम्वेदनशिलता समावेश गरी कार्यान्वयन गर्ने।**

**कार्यनीतिहरु**

क) स्थानीय सरकारले बिपद ब्यवस्थापन सम्बन्धी नीति, रणनीति, मापदण्ड, कार्यनीति तथा कार्यबिधि तर्जुमा गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदायसंग परामर्श गरी यस्ता दस्तावेजमा सिमान्तकृत वर्ग र समुदायलाई लक्षित गरी बिशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधानको ब्यवस्था गरी कार्यान्वयन गर्ने।

ख) बिपद ब्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा बञ्चितिकरणमा परेका समुदाय समेतको सहभागितामा निर्णय गर्ने बिधि तयार गरी लागु  गर्ने।

ग) स्थानीय स्तरको बिपद सम्बन्धी तथ्यांक संकलन नक्साङ्कन तथा ब्यवस्थापन गर्दा लाभान्वित समुहमा महिला तथा बञ्चितिकरणमा परेका समुदाय समेतको खण्डीकृत तथ्यांक राखी आपतकालिन कार्य सञ्चालन तथा राहत बितरण गर्ने।

घ) समुदायमा आधारीत बिपद ब्यवस्थापन सम्बन्धि कार्य गर्दा लाभान्वित समुहमा महिला तथा बञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा उनीहरुलाई पहिलो प्राथमिकता राखी कार्य गर्ने।

| |
|---|
| उद्देश्य ४: संघीय, प्रदेश तथा स्थानीय सरकारवाट प्रवाह हुने आधारभूत सेवाहरुमा लक्षित समुहहरुको पहुँच र नियन्त्रणमा बृद्धि गरी उनीहरुको आर्थिक, सामाजिक, राजनितिक र सार्वजनिक जीवन समावेशी र सक्षम बनाउने। |

**रणनीति ४.१: स्थानीय तहमा लैंगिक, बाल र अपांग मैत्री सम्बेदनशिल संरचनाको प्रावधानहरु कार्यान्वयन गर्ने।**

<u>कार्यनीतिहरु</u>

क) स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्रोईङ डिजाईन लागत अनुमान तयार गर्दा संरचना निर्माण गर्दा लैंगिक, बाल र अपांग मैत्री संरचनाको प्रावधान कार्यान्वयन गर्ने।

ख) स्थानीय तहले महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई लक्षित गरी परम्परागत तथा आधुनिक उर्जा (जलबिद्युत, बिभिन्न बैकल्पिक स्रोतवाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो आदि) को प्रयोग गर्न सकारात्मक वातावरण र प्रोत्साहन गर्ने आयोजनाहरु कार्यान्वयन गर्ने।

**रणनीति ४.२: स्थानीय तहका सबै महिलाहरुलाई प्रजनन तथा महिला स्वास्थ्य सम्बन्धि सेवा सुबिधाहरुमा पहुँच सुनिस्चित गर्न पहल गर्ने।**

<u>कार्यनीतिहरु</u>

क) गर्भवती महिलालाई जोखिमयूक्त, खतरायूक्त काममा नलगाउने गरी बार्षिक नीति तथा बिधि तयार गरी लागु गर्ने।

ख) सार्वजनिक कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सार्वजनिक स्थलहरुमा बच्चालाई स्तनपानका निमित्त अलग्गै कक्ष र समयको ब्यवस्था र सोको ब्यवस्थापन नियमित रुपमा गर्ने।

ग) महिला तथा प्रजनन स्वास्थ्य, परिवार नियोजन, मातृ शिशु कल्याण, बिस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्ने।

घ) महिला तथा बञ्चितिकरणमा परेका ब्यक्तिहरुको स्वास्थ्य बिमा गर्न सहजिकरण र सहयोग गर्ने कार्यक्रम र बजेट वार्षिक तथा आवधिक योजनाहरुमा समावेश गरी कार्यान्वयन गर्ने।

**रणनीति ४.३: स्थानीय तहका सबै महिला तथा बञ्चितिकरणमा परेका समुदायहरुको शिक्षामा पहुँच सुनिस्चित गर्न आवश्यक नीति, कानुन तथा कार्यक्रमहरुको समिक्षा गरी उनीहरुको शिक्षामा सरलरुपमा पहुँचका लागि ब्यवस्थाहरु थप गरी कार्यान्वयन गर्ने।**

<u>कार्यनीतिहरु</u>

क) गाउँपालिका भित्रका बिद्यालय जाने उमेरका सबै बाल बालिकालाई बिद्यालयमा अनिवार्य भर्ना गराउने अभियान नियमित रुपमा सञ्चालन गर्ने ।

ख) आर्थिक अवस्था कमजोर भएका परिवार तथा बञ्चितिकरण परेका समुदायका बालबालिकालाई दिवा खाजा, निशुल्क पाठ्य पुस्तक र शैक्षिक सामाग्री तथा पोसाक उपलब्ध गराउन छात्रबृत्तिको ब्यवस्था तथा सोको कार्यान्वयन नियमित रुपमा गर्ने ।

ग) निरक्षर महिला तथा सिमान्तकृत समुदाय वा ब्यक्तिहरुको लागि अभिभावक शिक्षा, प्रौढ तथा किसोरी शिक्षा, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, बच्चा देखि बच्चा कक्षा आदि कार्यक्रमहरुको नियमित रुपमा सञ्चालन गर्ने ।

घ) बिद्यालयमा छात्र र छात्राको लागि छुट्टा छुट्टै शौचालय, किसोरी छात्राको लागि प्याड र यौनशिक्षा तथा सहजीकरण कार्यक्रम नियमित रुपमा सञ्चालन गर्ने ।

**रणनीति ४.४: स्थानीय तहका सबै महिला तथा बञ्चितिमा परेका समुदायहरुको सुद्ध खानेपानीमा पहुँच तथा सरसफाईमा सचेत तुल्याउन आवश्यक कार्यक्रमहरुको पहिचान गरी कार्यान्वयन गर्ने ।**

**कार्यनीतिहरु**

क) गाउँपालिकाका सार्वजनिक निकायहरुमा सफा पिउँने पानी, सफासंग हात धुने ब्यवस्था, महिला र पुरुषको लागि अलग्गै शौचालयको ब्यवस्था सञ्चालन गर्ने ।

ख) स्थानीय बासिन्दाहरुको घरधुरीहरुमा सफा पिउँने पानी, सफासंग हात धुने ब्यवस्था, महिला र पुरुषको लागि अलग्गै शौचालयको उपयोग गर्ने अभ्यासको बारेमा सचेतना जगाउने कार्यक्रमहरु सञ्चालन गर्ने ।

ग) स्थानीय तहको आयोजना तथा स्थानीय नागरिकहरुको सक्रिय सहभागितामा वडा वडामा खुला दिसामुक्त अभियान, घर घरमा शौचालय, पराम्परागत पानीको स्रोतहरु धारा, कुवा, पोखरी तथा टोल बस्ती सरसफाई अभियान कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्ने ।

घ) कुहिने नकुहिने घरायासी फोहर छुट्याउने ब्यवस्था, फोहर संकलन तथा बिसर्जन, घर घरमा भान्साको फोहर र पानीवाट करेसाबारी तथा गमला र फुलवारी निर्माण जस्ता कार्यक्रमहरु गर्ने र उक्त कार्यहरुमा महिला र पुरुषको समान सहभागिता हुनुपर्ने जस्ता चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

ङ) महिलाहरु बढी मात्रामा संलग्न हुने कार्यमा सफा पानीको सहज ब्यवस्थाका लागि आकासे पानी संकलन र भण्डारण, पराम्परागत ईनार र कुवाको पूनर्जिवीकरण र रिचार्जिङ जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने ।

गाउँ गाउँपालिका, भीमसेनथापा, गोरखा

**रणनीति ४.५: स्थानीय तहका सबै महिला तथा बञ्चितिमा परेका समुदायहरुको लागि बेरोजगारी तथा गरीबीको नक्सांकन गरी सोको आधारमा स्वरोजगार र आयआर्जनमा पहुँच अभिबृद्धि गर्न हालका ब्यवस्थाहरुको समिक्षा गरी बिभिन्न आयमूलक तथा सिपमूलक कार्यहरु कार्यान्वयन गर्ने ।**

**कार्यनीतिहरु**

क) गाउँपालिकाको बार्षिक तथा आवधिक योजना तर्जुमा गर्दा बेरोजगार तथा गरीबीको नक्सांकनको समेत आधार लिई महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सिपमूलक कार्यक्रमहरु र सोको लागि आवश्यक बजेट ब्यवस्था गरी कार्यान्वयन गर्ने ।

ख) कृषिमा आधुनिकीकरण, ब्यवसायिकरण र सहुलियतपूर्ण ऋण र अनुदानमा लक्षित बर्गहरुलाई सहभागी गराउने कार्यक्रम सञ्चालन गर्ने ।

ग) स्वरोजगार गर्ने तथा बैदेशिक रोजगारीमा जाने महिला तथा बञ्चितिकरणमा परेका समुदायको सिप तथा क्षमता बिकासका कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्ने ।

घ) ग्रामिण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धि प्राविधिकहरु) र सामाजिक परिचालक तयारी गर्ने तथा उनीहरुको समुदायमा परिचालन गर्ने ।

ङ) गरीब र बञ्चितिकरणमा परेको समुदायको पहुँच र क्रयशक्ति अनुरुप सुपथमूल्य सहकारी पसलहरु सञ्चालन गर्ने र उनीहरुलाई बिशेष छुटको ब्यवस्था गर्ने ।

| |
|---|
| उद्देश्य ५: स्थानीय तहमा लैससासको दृष्टिकोणबाट जवाफदेहिता, उत्तरदायित्व, सूचना शिक्षा तथा सञ्चार, अनुगमन तथा मूल्यांकन र सुशासन पद्दतिलाई संस्थागत गर्ने । |

**रणनीति ५.१: स्थानीय तहमा सुशासन कायम गर्ने सम्बन्धमा लैससास सम्बेदनशिल स्थानीय नीति तथा कानुन निर्माण गरी कार्यान्वयन गर्ने ।**

**कार्यनीतिहरु**

क) गाउँपालिकाले बिधिको शासन, ब्यापक जनसहभागिता, भ्रष्टाचार बिरुद्ध शुन्य सहनशिलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा बञ्चितिकरणमा परेका समुदायलाई अग्राधिकार जस्ता नीतिहरु तर्जुमा र कार्यान्वयन गर्ने ।

ख) महिला बिकासको लागि भएका बेईजिङ घोषणपत्रका बाह्रवटा प्रतिबद्धताहरुको क्षेत्रमा कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने ।

ग) संयूक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी १९८९ मा गरिएका प्रतिबद्धता कार्यान्वयन सम्बन्धमा कार्यक्रमहरु तयारी र सञ्चालन गर्ने ।

**रणनीति ५.२: स्थानीय तहमा लैससास क्षेत्रमा सुधार प्रति उत्तरदायित्व र जवाफदेहिता स्थापनाका लागि अनुगमन, मूल्यांकन तथा परीक्षणहरु कार्यान्वयन गर्ने ।**

**कार्यनीतिहरु**

क) गाउँपालिकाका कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट लक्षित वर्गहरुको उपस्थितिमा गर्ने र सेवा प्रवाह सम्बन्धी सूचनाहरुको सार्वजनिकीकरण नियमित रुपमा गर्ने ।

ख) गाउँपालिकाका कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाईको क्रममा लक्षित बर्ग तथा लाभान्वित वर्गहरुवाट प्राप्त गुनासा तथा सूझावहरुको सुनुवाई र कार्यान्वयन गर्ने ।

ग) स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी लागु गर्ने ।

घ) गाउँपालिकाका कार्यक्रम तथा परीयोजना कार्यान्वयनवाट सम्बन्धित समुदायले पुरा लाभ लिन सकेको नसकेको सम्बन्धमा नियमित रुपमा अनुगमन र मूल्यांकन गर्ने र लाभ र असरहरुको बिश्लेषण गर्ने ।

ङ) स्थानीय सरकारको समिक्षा बैठकमा महिला, बालबालिका सबै जातजातिका बिपन्न बर्ग (आदिबासी, जनजाति, दलित, मधेशी, मुस्लिम, पिछडावर्ग) अपांगता भएका ब्यक्तिहरु, जेष्ठ नागरिक लगायतलाई लक्षित कार्यक्रम माथि निजहरुको उपस्थितिमा छलफल गर्ने र सुझावहरु संकलन तथा कार्यान्वयन गर्ने ।

**रणनीति ५.३: स्थानीय तहमा पारदर्शिता र सचेतनाको लागि सूचना, शिक्षा तथा सञ्चारका क्रियाकलापहरुमा निरन्तरता दिने र आवश्यक सुधार गर्दै लैजाने ।**

**कार्यनीतिहरु**

क) स्थानीय सरकारले नियमित रुपमा समग्र बार्षिक योजना तथा कार्यक्रमको सार्वजनिक गर्ने र महिला, बालबालिका, आदिवासी जनजाति, मधेसी, मुस्लिम, पिछडावर्ग, दलित, अपांगता भएका ब्यक्तिहरु र जेष्ठ नागरिकलाई लक्षित गरी राखेका कार्यक्रम र बजेट सरोकारवालाले थाह पाउने गरी स्थानीय भाषा समेतमा नियमित रुपमा सार्वजनिक गर्ने ।

ख) स्थानीय रेडियो एफ एम र छापा माध्यमद्वारा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सूचना प्रवाह गरी जनतालाई नियमित रुपमा सुसूचित गर्ने ।

ग) स्थानीय स्तरमा महिला बालबालिका सबै जातजातिका बिपन्न वर्ग, अपांगता भएको ब्यक्तिहरु, जेष्ठ नागरिक लगायत अन्य लक्षित समुहहरुको लागि सूचना, शिक्षा र सञ्चार कार्यक्रमबाट वर्गहरुको जनचेतना बृद्धि भएको नभएको बारेमा अनुगमन र मूल्यांकन गर्ने ।

| |
|---|
| उद्देश्य ६: स्थानीय तहमा लैससासका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयनको लागि सम्बन्धित सरोकारवालासंग समन्वय र सहकार्यलाई संस्थागत गर्ने । |

**रणनीति ६.१: लैससासको प्रभावकारी कार्यान्वयनको लागि सम्बन्धित निकाय तथा सरोकारवालाहरुसंग समन्वय र सम्बन्ध बिस्तारका क्रियाकलापहरुमा निरन्तरता दिने ।**

**कार्यनीतिहरु**

क) स्थानीय तहले संघ र प्रदेश सरकारहरुले तय गरेको लैससास कार्यान्वयन सम्बन्धी नीति, कानुन तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने ।

ख) लैससास बिकासको लागि बिभिन्न सरोकारवाला निकायहरु बिच सञ्जाल गठन गरी कार्यगत छलफल तथा यस क्षेत्रको बिकासको लागि नियमितरुपमा कार्य गर्ने ।

ग) लैंगिक समानता तथा सामाजिक समावेशी बिकासको लागि गठित बिभिन्न सरोकारवाला निकायहरु बिच कार्यगत संयन्त्र (सञ्जाल) का प्रतिनिधिहरुलाई लैससास कार्यान्वयन सम्बन्धी क्षमता बिकास तालिमहरु सञ्चालन गर्ने ।

## ११. लैससास कार्यान्वयनको लागि समितिहरु गठन, काम, कर्तव्य र अधिकार

### १२.१ लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन

यस गाउँपालिकामा निम्नानुसारको सदस्यहरु रहने गरि लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन गरिनेछः

क) गाउँपालिका अध्यक्ष ------------- संयोजक

ख) गाउँपालिका उपाध्यक्ष ------------- सदस्य

ग) गाउँपालिका सदस्यहरु (एक महिला सहित २ जना) --------- सदस्य

घ) दलित समुदायका प्रतिनिधि (एक महिला सहित २ जना) -------------- सदस्य

ङ) जनजाति समुदायका प्रतिनिधि (एक महिला सहित २ जना) ------------ सदस्य

च) जेष्ठ नागरिक प्रतिनिधि (एक महिला सहित २ जना) ------------ सदस्य

छ) सामाजिक बिकास शाखा प्रमुख ------------------ सदस्य सचिव

**१२.२ लैससास कार्यान्वयन समितिको काम, कर्तब्य र अधिकार**

लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको काम, कर्तब्य र अधिकार देहाय अनुसार हुनेछः

क) गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि आवश्यक नीति, रणनीति, कानुनी ब्यवस्थाहरुको आवश्यकता पहिचान गर्ने।

ख) गाउँपालिकाका महिला तथा बञ्चितिकरणमा परेका समुह/समुदायको खण्डीकृत तथ्याङ्क ब्यवस्थापन र अद्यावधिक गर्न कार्यमा सहजीकरण गर्ने।

ग) गाउँपालिकाको नियमित सेवा प्रवाह र बिकास निर्माणका गतिबिधिहरुमा महिला तथा बञ्चितिकरणमा परेका समुह/समुदायको क्षमता बिकास, सशक्तीकरण र अर्थपूर्ण सहभागिताको लागि आवश्यक कार्यक्रमहरु बार्षिक तथा आवधिक योजनामा समावेश तथा कार्यान्वयन गर्न सहजीकरण गर्ने।

घ) लैससास कार्यान्वयनको लागि संस्थागत बिकासका कार्यहरु पहिचान तथा कार्यान्वयनमा गाउँपालिकालाई सहयोग गर्ने।

ङ) गाउँपालिकाका सबै कार्यक्रमहरुमा लैससासको दृष्टिले अनुगमन, मूल्यांकन र लैससास बजेट परिक्षण कार्य गर्ने।

च) गाउँपालिकामा लैससास सम्बन्धि कार्यक्रमहरु गर्न सरोकारवाला निकायहरुसंग समन्वय, सहकार्य र सहजिकरण गर्ने।

**१२.३ लैससास कार्यान्वयन समितिको परिचालन**

गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन, अनुगमन तथा सुपरिवेक्षण समितिको परिचालन तल उल्लेख गरिए बमोजिम हुनेछ र साथै परिचालन कार्यबिधि तयार गरी सोही बमोजिम कार्यान्वयन गर्नेछ

क) समितिको बैठकआवश्यकता वर्षमा (बढीमा) ६ पटक बस्न सक्नेछ।

ख) संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

ग) समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै समितिको सदस्य–सचिवले बैठकमा छलफल हुने कार्य सूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ।

घ) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

ङ) समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट ज्येष्ठ सदस्यले गर्नेछ।

च) समितिले बैठकमा आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै विज्ञ व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

छ) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**१२.४ वडास्तरीय समिति**

गाँउपालिकाको प्रत्येक वडामा यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न एक वडा स्तरीय समिति गठन गरिनेछ। जसमा देहाय बमोजिका अध्यक्ष तथा सदस्यहरु रहने छन सो

क) सम्वन्धित वडाको वडा अध्यक्ष – संयोजक

ख) सम्वन्धित वडाका वडा सदस्यहरू – सदस्य

ग) सम्वन्धित वडा समितिले लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्थावाट मनोनितगरेका वढीमा २ (एक जना महिला) जना सदस्यहरू – सदस्य

घ) सम्वन्धित वडाको वडा सचिव – सदस्य सचिव

**१२.५ वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकार**

क) वडा भित्रकोमहिला,लैङ्गिक तथा यौनिक अल्पसंख्यक,बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा साँस्कृतिक दृष्टिले पछाडी पारिएको वर्ग समुदाय खण्डीकृत तथ्याङ्क संकलन गर्ने।

ख) वडाभित्र योजना छनौट प्रकृयामा महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक समुदायको सहभागिता अनिवार्य गर्ने।

ग) वडा भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाति, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा साँस्कृतिक दृष्टिले पछाडी

गण्डकी गाउँपालिका, भुम्लिचोक, गोरखा

पारिएको वर्ग समुदायकोहक हितको संरक्षण र सम्बद्र्धन तथा त्यस्तो समुदायको सशक्तीकरणकाको लागि कार्यक्रम वनाई गाउँपालिकामा पेश गर्ने।

घ) यस रणनीतिसँग सम्वन्धित कार्यक्रम तथा योजना कार्यन्वयनमा सहयोग गर्न क्षमता अभिबृद्धिको क्षेत्र पत्ता लगाउने र उनीहरुको कार्यक्रमलाई लैससास मैत्री बनाउन सहजीकरण गर्ने।

## १२. गुनासो व्यवस्थापन

गाउँपालिका तथा मातहतका कार्यालहरुमा लैससास सम्बन्धी गुनासोहरुलाई सम्बोधन गर्नको लागि गुनासो सुनिवाई कार्यबिधि तर्जुमा गरी लागू गरिनेछ। यसबाट गाउँपालिका तथा अन्य सार्वजनिक कार्यालय तथा स्थलहरुमा हुन सक्ने महिला, बालबालिका तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक माथि हुने लैङ्गिक हिंसा, लैङ्गिक तथा जातीय भेदभावहरु न्यूनीकरण गर्न सहयोग मिल्नेछ ।

## १३. अनुगमन तथा मूल्यांकन

यस रणनीतिको सफल कार्यान्वयनको लागि रणनीतिले तोकेका क्षेत्रगत रणनीतिहरु र सो अन्तरगतका कार्यनीतिहरुको आधारमा बार्षिक तथा आवधिक योजनामा कार्यक्रमहरु समावेश गरी कार्यान्वयनको अनुगमन र उक्त कार्यक्रमहरुलाट प्राप्त भएका नतिजाहरुको मूल्यांकन गर्ने कार्य गाउँपालिका वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिले गर्नेछ।

## १४. रणनीति पूनरावलोकन र संशोधन

यस रणनीति कार्यान्वयनको क्रममा समय सापेक्ष तुल्याउन पूनरावलोकन गरी स्थानीय आवश्यकताहरुलाई परिपूर्ति गर्नको निमित्त यस रणनीतिको मूल मर्मको प्रतिकुल नहुने गरी आवश्यक संशोधन गरिने छ।

गण्डकी गाउँपालिका, भीमलचोक, गोरखा